# गोविन्दले ठीक भन्यो

(पुस्तक)

पूर्णविराम

## मेरो प्रभातलाई कसले माऱ्यो ?

पित्तलको किस्तीमा सुनको मोलम्बा जडेर
बेनम पस्केर हरेक शब्दका फलहरू
असुरले माऱ्यो कि मेरो प्रभातलाई
या आवाजका बाक्ला बस्तीहरूले मारे मेरो प्रभातलाई ?
आफ्नै घरमा पालन पोषण गरेको न्याउली मुसाले
सर्पसँग सम्झौता गरेर
आँफैंले पालेको न्याउरी मुसाले टोकेर माऱ्यो कि मेरो प्रभातलाई ?
बाकसबाट निस्केर धरहरा चढ्न हतार गरिरहेका
कीराहरूलाई बाकसको ताल्चा आँधीले खोलिदिएर
आँधीले नै माऱ्यो कि मेरो प्रभातलाई ?
जिप्टो जमिन के बोल्ला यो यामिनीमा
प्रभातको लास जलाएर फर्केका मलामीहरू
यामिनी टिकाउन सिक्काका धुनहरूमा
प्रभातलाई तातील दिएर
नयाँ चमखोल बजाइरहेका छन्
मेरो प्रभातलाई कसले माऱ्यो के बोल्लान् उनीहरू ?
घरको कुनै हातले चक्कू घोपेर प्रभातको शरीरमा
मेरो प्रभातको हत्या गऱ्यो कि ?
प्रभातको प्रिय दिलरुवा फुटालेर
एउटा लैला पाउने आशमा
कुनै मजनूले पो हत्या गऱ्यो कि मेरो प्रभातलाई ?
यामिनीको नैसर्गिक आगो बालेर
तृषित ओठलाई मुआब्जा दिनका निम्ति
कुनै विधवाले पो हत्या गरिन् कि प्रभातलाई ?
भोलिका लेण्डुप दोर्जेका भारहरू
बहन गरिरहेको सगरमाथाले के बोल्ला ?
टाढा(टाढा उडिरहेका चिबेहरू आह्लादित छन्
मेरो प्रभातको हत्याको समाचार सुनेर
मेरो प्रभातलाई कसले माऱ्यो
आनन्द हुनबाट वञ्चित भएर उनीहरू केका निम्ति बोल्लान्
कुनै नांगो आङले अलवान बक्सिस पाउने
लोभमै फसेर मेरो प्रभातलाइै माऱ्यो कि ?
मेरो प्रभात मारियो
आगामी वर्षहरू सकसमा जेलिन्छन्
तर मेरो प्रभातलाई कसले माऱ्यो
माऱ्यो कसले मेरो प्रभातलाई ?

## गीत किन रोकिएको छ ?

गीत किन रोकिएको छ
एउटा गायक मरेको दुःखमा
आँसु बहाएर गीत रोक्नुहुन्न
प्रिय हातले फलामको चुरा
लगाएको बेलामा हामीले त झन् गीत रोक्नुहुन्न
रगत रगतमा तुषारो परिरहेको बेलामा
गीत किन रोकिएको छ ?
गीतले नै आगो उत्पादन गर्छ
यसबेला झन् गीत किन रोकिएको छ ?
बालुवाका पहाडहरू नाचिरहेका छन्
खल्ती खल्तीमा नयाँ धारहरू राख्दै
पार्श्वगायकको इशारामा माटोमा
प्रिय मासुहरू काट्दै
झन् यसबेला गीत किन रोकिएको छ ?
स्वरहरू किन झिना भएर सुकेका जस्ता देखिन्छन्
कुनचाहिँ निर्दयीले प्रस्ताव पेश गरेर
यसबेला गीतलाई रोक्ने आदेश दिएको छ ?
दिएको छैन भने गीत किन रोकिएको छ ?
किन रोकिएको छ वर्षौंवर्षदेखि
अविराम गतिमा यसबेलासम्म
आइपुगेको गीत
कसको आदेशमा गीत रोकिएको छ ?
धरती कुरूप हुन लागेको अवस्थामा
झन् गीत किन रोकिएको छ ?

पारो बाँड्दै हिँडिरहेको हावाको विरोधमा
झन् झन् चर्कोसँग गाउनुपर्थ्यो गीत
गीत किन रोकिएको छ यो समयमा
गायकहरूले देखेका छैनन् कि चुपी लिने
बगरेहरूले छुट्याइरहेको सर्वदाका पत्रपत्रहरू
गायकहरू काना छन् कि अल्छी छन् कि
गीत किन रोकिएको छ ?
यसबेला त आफ्नो मृत्यु टड्कारै देखापरे पनि
गीतलाई रोक्नुहुन्न किन रोकिएको छ गीत ?

घाँटीघाँटीमा गलघण्ट झुण्ड्याइदिने
साँढेहरू ओहोरदोहोर गरिरहेको बखतमा
झन् गीत किन रोकिएको छ ?
गीत रोक्ने आदेश कसले दिएको छ
यस्तो आदेश मान्नैपर्ने बाध्यता
कुन समयले दिएको छ ?
गीत किन रोकिएको छ ?

गीत हिटलरहरूलाई लडाएर घोडाहरूबाट
आदेश दिनसक्छ

धर्तीका टुक्राहरू नकुल्चने
गीत युद्धले पुछेको सिउँदोमा
एक चिम्टी सिन्दूर भएर पोखिनसक्छ
कतिकति हिटलरका व्यवहारहरू
घोडामा चढेर दौडाइरहेका छन्
छातीछातीमा पीडाहरू
यसबेला झन् गीत किन रोकिएको छ ?
गीत किन रोकिएको छ ?
अपसोच लगायत आशंका लहलहाएको छ दिमागमा
गीत किन रोकिएको छ ?

सबेरै पनि उभिएको हो
एउटा झक्रो पखेटा काटिएको चरा भएर
मध्याह्नमा पनि उभिएका हुन्
आँखाहरूले मनलाई बिझाउने गरेर
गीत किन रोकिएको छ यसबेला
बारबार प्रश्न थचारिदिएको पनि हुँ
समयको पोल्टामा आफ्नो घाँटी ठीकै छ
तर गीत किन कतैबाट
कानलाई छुन नआएको होला ?
रोक्ने बेला त होइन होला गीत

बाजहरू फलामका पखेटाका आधारमा
ओसारिरहेका छन् गजुरमुन्तिरका नबोल्ने आँखाहरू
गीत रोकिएको छ
गायकहरूलाई प्यारो लाग्दैन कि !
नबोल्ने आँखाहरू बनाउने
महान् हातहरू र तिनका पसिनाका थोपाहरू ।

गीत गाउने भए आ(आफ्नो
हाँगाबाट गाइहाल गायकहरू
म यसबेला आग्रह गर्दैछु
भन्दैछु( गीत रोकिनु हुन्न
मुर्दाहरूमात्र गीत गाउन सक्दैनन्
गीत किन रोकिएको छ ?

यसबेला पनि गीत गाउन झिँजो मान्ने
कण्ठहरू मेरो अगाडिबाट सुइँकुच्चा ठोक
गीत किन रोकिएको छ ?
भन्दै म एउटा सूर्यको गीत गाउँछु
त्यही सूर्यको गीत
जसलाई गाएर मानिसहरूले
रगत पोखे धरतीमा
त्यही रक्तिम गीत

## फूलको कविता शब्दको रमिता

अँध्यारोमा रोइरहेका छन् फूलहरू
बगैँचामा लामो फित्ता भएको जुत्ता घुमिरहेको छ
यसपालि एउटा माउसूलीले अर्को माउसूलीको सलाम खायो
यसपालि कुकुरले कुकुरलाई नै चाटेर नाम कमायो
हामीहरूको मृत्युमा दुःख फुकेजस्तो गर्न
शब्दको रमिता बोकेर सदैव एउटा नराम्रो काग उभिरहन्छ
कुन कुन घरमा केकस्ता फूलहरू फुलेका छन्
कुनकुन घरमा ककसका बच्चाहरू
केकस्ता भुरुङमा भुलेका छन्
यसपालि एउटा गिद्धप्रेमी अभिनेताले
घरघरमा एउटी नर्तकी पठाएर खानतलासी गरेको छ
बाहिरबाट मेरो देशलाई मुर्दावाद नभन
भित्र नछामीकनै सेतो तन्ना ओढेको छ भन्दैमा
जिन्दावाद र जिन्दावाद पनि नभन
यसपालि धेरै चुलाहरू आगो नपाएर मुर्मुरिएका छन
्यसपालि धरै चुराहरू अर्को देशको लडाइमा फुटेका छन्
जीवनलाई साँझको रूपमा भोगिरहेको आँखालाई सञ्चो छैन
सेता फूलहरू च्यापेर ओथारो बसेको कुखुरालाई पनि सञ्चो छैन
यसपालि एउटा सिंहले अर्को सिंहसँग
अझ बढी अत्याचार गर्न कसरी सिक्यो
यसपालि एउटा बगरले अर्को बगरेको भन्दा धारिलो चुपी झिक्यो
मेरो मनलाई  तावा बनाएर आफ्नो रोटी नपकाऊ
पीठोमा कति कीराहरू छन् त्यो मलाई राम्रोसँग थाहा छ
हिजोआज ऋतुहरू मृत्युको गन्धहरू फैलाइरहेका छन्
सिमानामा बेहोश हुने फूलहरू झाँगिएका छन्
यसपालि बाढीले खोला बगाएन मान्छेहरू बगायो
यसपालि बाली मरेन बरु बालीले लुकेर मान्छेहरू मार्‍यो
भन्छन् नांगो मान्छलाई कपडा दिने धुनमा आगो बाल्नु हुँदैन
कपडाका लागि यसपालि छातीमा आगो बालेर
आफ्नो मृत्युको गते सम्झे कसो होला
कस्तो हुन्छ दिन मृत्यु नजिकै उभिएको बेला
आफ्नो आँखाले हेरिदिए कसो होला
यो शताब्दीमा कुकुरहरूले फैलाएका कमजोर स्याँठ छल्नका लागि
केही  कविताहरू ओढेर म मुर्दा हुन लागिरहेछु
आगो बालेर मलाई नजलाउनु कविताप्रेमीहरू
मेरो मासुमा आँखा गाड्ने गिद्ध मेरो आँगनमा अवस्थित बछ
यसपालि एउटा झोलाबाट इतिहासलाई नपुंशक बनाएर
बेपत्तासँग एउटा पर्पराउँदो अनुहारले जथाभावी सँग टिम्बुर बाँड्यो
टिमबुर खाएर मुर्दारूले तीखो बोलीभित्र
टिम्बुर बाँड्नेकै तारिफ गरे
घाम नझुल्केको कुरामा दुखित भएर
यसपालि एउटा अरनीकोले देश छाड्यो
कविताका लागि खप्नुपर्ने संकट बिर्सेर
यसपालि एउटा कविले कविता नै लेख्न छाड्यो
बाहिर फूलहरू निख्लाम छन्

भोको प्रदेशमा फूल चपाउने
जिब्रा र दाँतहरू शब्दको रमिता बोकेर घुमिरहेका छन्
यसपालि भोक लाग्दा स्वर सुकेका फूलहरूले जगात भन्न सकेनन्
यसपालि ती फूलहरूका बारेमा कविहरूले पनि कविता लेख्न सकेनन्
को कहाँ सुतिरहेको छ को कुन चारपाटेमा पःटिरहेको छ
राती मसाल बोक्नेहरू किन मुर्दा भइरहेछन्
यसपालि एउटा शंकामाथि अर्को आशंका थपिएको छ
पिरामिड अझै कोर्राको इतिहास भोगिरहेको छ
घाँस अझै कुश बनेर कालो तीलसँग मिसिएको छ
बाहिर खोपाएर के गर्नु मनमा अझै बिफर फैलिएको छ
सर्पलाई टुक्राटुक्रा पार्नसक्ने न्याउरी मुसा
भूगोलबाट हराएको छैन कसले भन्ला
कहिले घामको जुलुसलाई कहिले पानीको जुलुसलाई
आफ्नो तीखो संगीन देखाएर सिपाही लम्केको छैन कसले भन्ला
मलाई अचानो नबनाऊ र कर्मपात्रो नबनाऊ
मलाई कविताको शहरमा सस्तो कवि नबनाऊ
बाहिर घाम लाग्दैन म सेतो पट्टी बाँध्न सक्दिन
बाहिर रगतको वर्षा पनि थामिदैन म शान्तिको कविता पनि लेख्दिन
कसैले कसैलाई मन र पेट दिए पनि
आफ्नो विचारमा परिवर्तन र भोको पेटको अवस्था जाहेर गर्न सक्दैन
यसपालि एउटा अर्दलीले अर्को अर्दलीलाई नमस्ते गऱ्यो
केवल नमस्ते गऱ्यो कुनै नौलो कुरा गरेन
हाकिमले पानी मागेको बेला आफैँले सारेर खानुहोस्
यसपालि कुनै अर्दलीले यस्तो कुरा गरेन
केही फूलहरू बैठक कोठाको फूलदानीमा सजिएका छन्
मन नलागे पनि फूलका आँखाहरूले गाजल लगाउनुपर्छ
यसपालि कति फूलहरू कालो ओडारभित्र बलेको
एउटा बत्तीमा पुतली बलेजस्तै बले र
बैठक कोठा जीवनका लागि कारागार सिद्ध भयो
शब्दको छडी हातमा लिएर शब्दको रमिता देखाउने
यसपालि कसैले आँट गरेन
म यो ओडारलाई सलाम भन्न सक्दिन
बरु कुनै डोरीमा आफूलाई झुण्ड्याएर
आफ्नो हत्यारा आफैं हुने चेष्टा गर्नसक्छु
मलाई ऊ जन्मेको रद्दी कविता नसुनाउनु
उसले कहिले पनि निषेधको जवाफ निषेधको रूपमा दिएन
सदैव अराजकता फैलायो उसले कहिल्यै रातो गुलाफ इतिहासलाई दिएन
यसपालि सडमा बसेर गोल्फुकी खान लाग्दा
बतासले गोल्फुकी उडाएको कथा पनि छ
यसप्रकारको कथालाई शब्दमा उनेर
यसपालि कुनै कथाकारले कथा लेखेन
यसपालि मेरो अधुरो कवितालाई
किन अधुरो भयो कसैले प्रश्न गरेन
औंला दिएपछि औंला खाएर बसोस् माछा
कुनैदिन कविता बल्छी भएको आरोप म खप्न सक्छु
अहिलेलाई असलाहरू निलेर बसोस् माछा
कुनै दिन माछा मरेको बहानामा म छुट्टी मनाउन सक्छु
अर्को साल फूलहरू चीललाई सलाम नगर

चीलले बोकेको इतिहासको थोत्रो हावा वरिपरि आफूलाई नझुकाऊ
यो बस्ती चीलको कारणले नै गनाइरहेको छ
यस्तो गनाउने प्रवृत्ति बोकेको बस्तीलाई
आफ्नो नाक टोक्न नदेऊ
कुनै शहर मखमली लुगाको आगमनमा आफ्नो टोपी फुकालेर निहुरन्छ
कुनै गाउँ आफू नांगो भइरै पनि सुलसुलेको अगाडि नांगो छैन भनिरहन्छ
यसपालि कुनै कविले पलूलको कविता लेख्यो
कवितामात्र लेख्यो कुनै नौलो कुरा लेखेन
यसपालि कुनै फूल रोयो, रोयोमात्र कुनै विद्रोह गरेन
यसपालि छाती कुल्चेर दशैं मनायो जुकाल
यस्तो अपराध सधैंसधैं भइरहेको छ
यसपालि सालको पात टिप्यो
टिप्योमात्र कसैले थालका लागि
थाल कस्तो हुन्छ थाहा पाएन
यसपालि ढोका बनायो ढोकेले
ढोकाबाट कसरी अन्याय छिर्छ थाहा पाएन
यसपालि फूलहरू आकाशले चट्याङ पार्छ नसुनाऊ
चट्याङ पार्छ केवल हामीलाई मार्छ कुनै नौलो कुरा हुन्छ बताऊ
यसपालि एउटा पुरोहितले आफ्नो जजमानलाई मन्त्र सुनायो
यसपालि एउटा माग्नेले शब्दको रमिता बोकेर हात फैलायो
अझै पनि म फूलको कविता लेखेर भन्दैछु
शब्दको रमिता बिल्कुलै बन्द गर्नुपर्छ
पुरोहित र जजमानको सम्बन्ध पूरै विच्छेद गर्नुपर्छ
यसपालि एउटा चमेराले अँध्यारोमा गीत गायो
गीतमात्र गायो कुनै बिहानीको चाँजो मिलाएन
यसपालि कपाल खौरेर कसैले सेतो टोपी लायो
सेतो टोपी मात्र लायो तर व्यवहार सेतो पारेन

## मुर्छाबाट ब्यूँझन्छु बिदा....

भ्रमको शामियाना टाँगेर अद्रि बन्नु थियो एउटा हुललाई
र, पिशाचको काखमा लगे। सपनाको हत्या गर्नु थियो
सहिदको नलीहाड फुकेर विशाल फेटमा
फेरी लगाउनु थियो र कोटहरूमा अत्तर दलेर
यो उत्तेजित उज्यालोमा पानसहरू बत्तीहरू
बाल्नु थियो र राजधानीका समारोहहरूमा
विशेषरूपमा आमन्त्रित हुनु थियो
त्यो सबै मुर्च्छनामा देखियो
आफ्ना करङहरू झिना भएका
शहरका दिनहरू भर्खरैका यामिनीमा देखियो
भोकले रन्थनिएका आफ्ना कोपिलाहरूलाई
पानी खाने आदेश दिँदै
घरबाट निस्केका दिनहरू
यो यामिनीमा व्यर्थ भएको देखियो
आगोको आव्हानलाई लत्याएर
मनमा आक्रमण गर्न दिएर तुषारोलाई
मुखलाई शब्द ओच्छ्याउन नदिएर
गरेको अपराध जब आफ्नो कपालमा
लिसो परेको देखियो
जब देखियो फुलेल दलेका
परिचित टाउकाहरू
शहरका महत्वपूर्ण किनाराहरूमा
यथार्थमा नयको खतरनाक तमासा देखियो
टाउकामाथि उडिरहेका अधिकांश सुगाहरूसमेत
खतरनाक फेहरिस्तमा परिरहेछन्
पवनको सट्टामा हावा नाचिरहेछ काननमा
बिनाबारुद अग्निप्रज्ज्वलित हुनै सक्दैन
आगै निभाउनसमेत खटिएका छन् सुगाहरू
छलकपटपूर्ण शब्दहरूले भरिएका गीतहरू
कर्णमा खचाखच भरिएका छन्
थाहा छैन यो राजधानीमा
कुन बेला मेरा कानहरू दोब्रिने हुन्
मुर्छाबाट ब्यूझनसमेत जोखिम छ
मुर्छाबाट ब्यूँझनेबित्तिकै
सारा जोखिमहरू देखियो
आफ्ना आवाजहरू नै खेर गएकोसमेत देखियो
स्यांगीका लंगडा धारहरूले काट्नै सक्दैनन् बिखादी च्याउलाई
तिनको लक्ष्य नै होइन बिखादी च्याउ काट्ने
मखमली कपडाको खोलमा उनीहरू सुसज्जित हुन चाहन्छन्
बुढी औँलाका नङमा पालिस लगाएरै पनि हेरियो
मुर्छाका घडीहरूमा सारा घाउहरू निरर्थक भएर जन्मेका छन्
सारा रगतका थोपाहरूले बेइमानी गरेका छन्
पिपलका पातहरूलाई पोसेर बगेका रगतका थोपाहरू
विरुपाक्षलाई संरक्षण दिन खसेका मासुका टुक्राहरू
सारा पापका फेहरिस्तमा परेका छन्

मुर्छामा भएका यी अपराधहरूबाट
म छुटकारा पाउन चाहन्छु
र ब्यूँझिन चाहन्छु
अलकत्राका पोखरीमा नुहाइरहेका सुगाहरू
ठुङ मलाई यो राजधानीमा
आफ्नै चुच्चो बांगिन्छ ठुङ मलाई राजधानीमा
मेरो  मुर्छामा मेरा पसिनाहरू चाट्ने माउ जे दुङहरू
किन बदनाम गर्छौ मेरो माउ जे दुङलाई
मैले मुर्छामा चपाइरहेको गोल्फुकी खोस्ने
नक्कली लेनिनहरू मेरा गोल्फुकीहरू मलाई फिर्ता गर
या मेरो हत्या गर नख्खुको फाँट नै बनाऊ
म बसेको फेटलाई
मुर्छामा बाँचिरहनु धेरै सजिलो हुँदोरहेछ
यो राजधानीमा
तर अब म ब्यूँझेको छु
ब्यूँझेको छु खतरा छ
मुर्छामा समेत हिटलरलाई सलाम गरिएन
अब सलाम किन हिटलरलाई
म ब्यूँझेको छु
हिटलरलाई सलाम गर्नेहरू
अब जतिसुकै भाषण गर
म मुर्छित हुन्न
मुर्छामा देखिएका मार्क्सहरू नक्कली मार्क्सहरू
मलाई अब मुर्छा पार्न सक्दैनौ
म ब्यूँझेको छु नक्कली मार्क्सहरू
यो यामिनीमा म ब्यूँझन्छु अब बिदा...

## याचिका

सडकहरू मलाई क्षमा गर
मेरा आवाजहरूलाई क्षमा गर
यो बेकम्माको उज्यालोका निम्ति क्षमा गर
मेरो फाँसीको निम्ति दस्तखत गिराउने हातहरूसँग
मेरो हातेमालो भइरहेछ
मेरा क्रान्तिकारी मित्रहरू
मलाई यस कुरामा क्षमा गर ।
डरलाग्दो नगरालाई शहरमा यथावतै राखेर
फूलहरूका कलिला गोडाहरूमा नुपुरहरू यथावतै राखेर
मैले आफ्नै हातले भ्रमका पर्दाहरू झ्यालहरूमा राखेको छु
झ्यालहरू मलाई क्षमा गर
प्रमिथस म आफ्नो गल्ती स्वीकार्छु
मलाई एक टुक्रा आगो दिएर
निदेश देऊ आफ्नो रातो गुफाबाट
डरलाग्दा नगरा जलाउने
म तयार हुन्छु प्रमिथस
मबाट हुन पुगेका गल्तीहरूमाथि
क्षमा शब्द थपक्क राख प्रमिथस
मलाई क्षमा गर प्रमिथस

घरका ससाना नानीहरू मलाई क्षमा गर
तिम्रा अभिभावकका रगतहरू जमिनमा
रक्तदान गराएरै पनि
मैले यो जमिनमा सबैका निम्ति
अन्नका बालीहरू लगाउन सकिन
दुःखान्तमा गएर विश्राम लियो मेरो आह्वानले
क्रिसमसका दिनहरूमा तिम्रा हातहरूमा खेलौनाहरू छैनन्
दशैंका लागि सस्ता कपडाहरूसमेत
तिम्रा आङहरूमा छैनन्
जहाँ अभाव छ ती घरका ससाना नानीहरू मलाई क्षमा गर
आफुले झारेका शीतहरूबाट आफ्ना तगरहरू भिजाउन परिरहेका
तगरहरू मलाई क्षमा गर
झपेत्री लगाइरहेका सुन्दर सुन्दर टाउकाहरू
असुरक्षित जीवन भोगेरै पनि
कृपया मलाई क्षमा गर
आफ्ना छोराहरूका तस्बिरहरूसँग बात मार्न
र एउटा अधुरो कथा कोठाहरूलाई सुनाउन
काँचा धागाका बारहरू बारेर बसिरहेका
मैले आदरयोग्य भन्नुपर्ने वृद्धहरू
मलाई क्षमा गर

मबाट जेजति गल्ती भए
सबैको जिम्मेवारी मेरै हो
म स्वीकार्छु मलाई सबैले क्षमा गर
अब म कतै भन्दिन

पुष्प प्रहारबाट यो ठाउँमा मुक्तिको निर्माण हुन्छ
हामी सबैको मुक्ति हाम्रो काँधमा रहने बन्दुकले दिन्छ
मैले पुष्प बोकेर यहाँ घाम दिने कुरा गरेँ
बादल खेलाइरहेका आँखाहरू
यो पल्ट मलाई क्षमा गर
फेरि गल्ती गरेँ भने
मलाई मृत्युदण्ड दिने घोषणा गर ।

## जाडो घटेको छैन मेरो प्रिय मानिस

यो जाडोमा यो नगरको दुम्सीलाई सलाम गर्ने हो भने
दुम्सीको काँढाले घोच्दैन यो राष्ट्रलाई भन्ने हो भने
पलपलमा ओठलाई गरम हावाले छुनसक्छ
छातीलाई ताजा कपासले म्वाइ खानसक्छ
तातो आँधीले कोठालाई ढाक्नसक्छ
मन लागेको आसव पानी खाने गिलासमा बस्नसक्छ
तर नगरमुन्तिर पातलो लुगा लगाएर
दुम्सी मार्ने अभियानमा संलग्न रहेको
मेरो प्रिय मानिस घाँटीको नसा नछिनेसम्म
दुम्सीलाई सलाम गर्दैन
दुम्सीको काँढाले राष्ट्रलाई घोच्दैन
यस्तो कतै भन्दैन
धानका निम्ति खमारमा मुसाहरू विद्रोह गर्छन्
राष्ट्रको खतरनाक बाजले धराप थाप्छ
जंगल हुकुम दिन्छ कारखानाहरूलाई
नयाँ पातहरू कुर्सीमा बस्छन्
र मलाई घाँटी थिचेर मार्न खोज्छन्
मर्नुअगाडि नै मेरो प्रिय मानिसलाई
छिट्ठी लेख्नु जरुरी छ
चिहानसम्म आँसुको नहर बगाउने
मानिसलाई मेरो चिहान हेर्न नपठाउनु
पातहरू किच्नसक्ने हातहरू स्तालिनकै हुनसक्छ
स्तालिनको हातमाअबिर र फूलहरू नपठाउनु
राष्ट्रको निम्ति लाटो हुनसक्ने
बन्दुक नै मेरो मृत्युको
लागि अखबारमा छापिने समवेदना हुनसक्छ
रगत खाएर पानी छादिरहेछ देश
गोही राखेर आफ्ना काखीहरूमा
खोलाहरू बगिरहेछन्
जंगलका गुप्तचरहरू हरेक पलामा
मेरो मनको दराज खोल्न उत्सुक छ
पत्ती  चक्कू  र अवकाशको त्रास देखाउँदै
मेरो प्रिय मानिस रगत चढाउन तम्तयार छु
अझै यो भूमिमा  तर मनको दराज
 खोलेर त्यहाँ रहेको गोञ्जालो र माउजे दुङ
म कुनै हालतमा देखाउन्न
मेरो प्रिय मानिस आफ्नै छाला ओढेर
म मेरो मनको दराजलाई थुनेर राख्छु
आफ्नै पवाख ओढेर
जसरी चराहरू भुमिरहेका छन्
जाडोसँग युद्ध गर्दै
गजबको कुरा त अझै लेख्न बाँकी नै छ
मेरो प्रिय मानिसलाई
लेख्न जरुरी  छ यसैले लेख्छु
पसिना चोरहरूकाटाउकाहरूमा

आयातित टोपीहरू छन्
लामालामा कोटहरू छन् शरीरभरि
कारखानाका साइरन बज्दा
मेरो मुखबाट हुस्सुको चुरा बन्छ
पसिना चोरहरू पाइपलाई चुस्छन्
र धुवाँका चुराहरू बनाउँछन्
यो खारलाई जंगलले पचाइरहेछ
बग्दादको चिहानमा सुतिरहेको
सम्राट कस्तो ओच्छ्यानमा सुतिरहेछ थाहा छैन
यी पसिना चोरहरू
व्सत लेखेर आफ नामको परिचयपट्टमा
सूयैकै अगाडि मासु थिचेर मजासँग सुतिरहेका छन्.
मेरो प्रिय मानिस जमिनमुनि
आगोको तन्ना ओट्याएर तिमी नसुत
म जाडोमा मनको दराज
नखोलेर सुत्नसक्छु
म सुतेँ भने जंगलका
गुप्तचरका विभागहरू खारेज हुन्छन्
तिमी जमिनमुनि जाडो घुस्यो भनेर
दुम्सी लाई सलाम गर्न नगरमा आउनुहुन्न
दुम्सीकै मातहतमा छ कर्फ्यूको आदेश
खै के रोपियो के उम्रियो शहरलाई
कसैले हात दिए कसैले गोडा दिए
दुम्सी नै त उफ्र्यो चिराइतोको साटो
बकैना नै त उम्रियो जाडो यथावतै छ

## नयाँ पुस्तक पढ्दै जलजला बोलिन्

पुरानै हातको इशारामा नाच्छ बन्दुक
अलिकति उज्यालो पनि ब्रह्मनालमा सुत्ते सम्भावना छ
रिसेश्वरको हत्यारा नयाँ बग्गी चढेर
नागडढुंगामा देखापर्नसक्छ
आद्योपान्त नयाँ पुस्तक पढेपछि तिमी रुन्छौ
भर्खरका पल्लवहरू यस कुरालाई बुझ्दैनन्
मित्रमणिका हत्यारालाई नयाँ पुस्तकले उत्सव दिन्छ
तिमी त्यो उत्सवमा एकान्त खोज्छौ
र मित्रमणिलाई सम्झेर रुन्छौ
उत्सवमा हाँसिरहेको कोलाहाल यो कुरा बुझ्दैन ।

जारको जन्मदिनमा दीनिकामा छुरी चल्छ
उपवासको निदेश पनि दिएको छ नयाँ पुस्तकले
गर्मी याममा पनि सिरानमा शीत पर्छ
यस्तो प्रकरण पनि उपलब्ध छ नयाँ पुस्तकमा
यो प्रकरणलाई अहिलेका धेरै हुलहरू बुझ्दैनन् ।

सुम्पेर अन्तपुरलाई
अधिकार र डरलाग्दो हावाको साँचो
पानी वजन बोकेर फलामका टुक्राहरू
पलाँसलाई गुलाफ भन्दै फूलदानमा सजाइरहेका छन्
गोगियोपाशाको चटक हेरिरहेका जस्ता यी दर्शकहरू
यिनीहरूलाई थाहै छैन(
पूठानका फाँटहरू अझै अमावश्याको नागपाशमा बेरिएका छन्

के रत्नकुमारलाई बोल्न नयाँ पुस्तक चाहिन्छ ?
के हरि नेपालले निडर भएर गाएन( नयाँ पुस्तकविना मुक्तिको गीत ?
निफर समालोचकहरू खुला पैरवी गर्छन् नयाँ पुस्तकको
जलजला पुस्तक पढ्दा पढ्दै बोलिन्
साहसिलो पुस्तकलाई यो नयाँ पुस्तकको कुनै जरुरत छैन

## लेखापाल

भ्यागुतो दौडेकै छ सडकमा
पहिलेजस्तै कीरालाई निलेकै छ
तर भ्रममा नपर मानापाथी
यो झिसमिसे हो
उज्यालो हुन बाँकी नै छ
झलमल्ल घाम लाग्न बाँकी नै छ

अलपत्रमा परेका फूलहरूलाई
सुरक्षितसाथ राष्ट्रको फूलदानीमा
बिस्तारैबिस्तारै राख्न बाँकी नै छ
हतार  नगर सगरमाथा
यो झिसमिसे हो
उज्यालो हुन बाँकी नै छ
झलमल्ल घाम लाग्न बाँकी नै छ

आवाजको झटारोले परालको कुन्यौ भत्किसकेको छ
जुत्ता खाइसकेको छ कुनै सालिकले
जो निर्माता थियो कुनै कुन्यौको
फेरि परालको कुन्यौ बन्छ
राष्ट्रलाई बिझाउन सक्छन् परालका त्यान्द्राहरूले
यस्तो कुरा सोच्दै नसोच ओलाङचुङगोला
भ्रममा नपर यो झिसमिसे हो
उज्यालो हुन बाँकी नै छ
झलमल्ल घाम लाग्न बाँकी नै छ
सालिकमा जुत्ता हान्ने महान् मानिसको सालिक
राजधानीमा बन्न बाँकी नै छ
झलमल्ल घाम लाक्ष्न बाँकी नै छ।

राष्ट्रले देखेको सपनालाई
जसको जुत्ताले आजसम्म दबायो
त्यसको जुत्ता खोसेर त्यसलाई चट्टी लगाइदिन बाँकी नै छ
अन्योलमा नपर कञ्चनजंघा
यो झिसमिसे हो
उज्यालो हुन बाँकी नै छ
चर्मकारले नापो लिन बाँकी नै छ
राष्ट्रिय सपना कुल्चने जुत्ता लगाएको गोडाको
झलमल्ल घाम लाग्न बाँकी नै छ
मैले कसैको मृत्यु भएको सपना पनि देखेको छु
त्यो सपना विपना हुन बाँकी नै छ
झलमल्ल घाम लाग्न बाँकी नै छ

जसको ओठमा मेरो एक महिनाको तलब
एकपटक लिपिस्टिक भएर टाँस्सिन्थ्यो
जो बैठकमा उपस्थित हुन्थ्यो
तर दस्तखत मात्र गरेर
एकपल्टमै मेरो जागिरको सम्पूर्ण

अवधिको रकम एकपल्टमा खान्थ्यो
जसको हातलाई बाहुली भन्नुपर्थ्यो
र नभनेको खण्डमा
मेरो हातमा हतकडी लाग्थ्यो
ऊ हेर्दैनथ्यो नजर गर्थ्यो
उसको गोडालाई पाउ नभन्दा
उसकै न्यायाधीश म अपराधी हुँ न्यायालयमा फैसला गर्थ्यो
बिस्मात्मा नपर माछापुछ्रे
अब कसैको अधिकार हुन्न
विशेष शब्दकोषबाट हत्याउने यो झिसमिसे हो
उज्यालो हुन बाँकी नै छ
झलमल्ल घाम लाग्न बाँकी नै छ
लेखापालले घामभित्र हिसाबकिताब जाँच्न बाँकी नै छ
भर्खरै झिसमिसे भएको छ
झलमल्ल घाम लाग्न बाँकी नै छ ।

## कति वर्ष भयो ?

झरीमा पहिरो जान्छ
राता माटाका पहाडहरू
बाटामा आइपुग्छन्
आवागमन ठ्याम्मै रोकिन्छ
गोलीको आवाजमा देश काँप्छ
झसंग हुन्छ परिवेश
मनमा पहिरो जान्छ
आँखामा बादलका टुक्राहरू
घर बनाएर बस्छन्
कति वर्ष हुने हो यस्तो
कति वर्ष भयो यस्तो भएको
प्रश्न जन्मिन्छ
रबरझैं तन्किन्छ
कति वर्ष भयो ?

पराल, मात्र पराल सल्काएर
तिनीरू प्रतीति लिन्छन्
जाडोलाई लखेटिसकेको
यहाँबाट, मुलुकबाट
बाक्लो सिरकभित्र
गोडाहरू राखेर उनीरू दाबी गर्छन्
कुर्कुच्चारू नफुट्ने
परालको आगोले आफूलाई नांगो झारझैं
काँप्नका निम्ति छोडिदिएको
कति वर्ष भयो (कति वष भयो ?
फराकिलो चौरमा आफू दौडेर आफ्नो कुर्कुच्चा फुटेको
कति वर्ष भयो ?
न्यानो नपाएको एउटा प्रश्न
रबरझैं तन्कन्छ
कति वर्ष भयो ?

टेकेर हिउँलाई
फर्काउन नसक्नु
ढिक्कारूलाई
तातो बनाएर
सत्य भइरहेछ
छेपारोले घर बनाउने
भन्ने उखानको
एकदमै नजिकबाट
तिनीरू बिनसित्तिमा
प्रत्येक वर्ष पराल सल्काएर
आफ्ना गुँडरूमा फर्किन्छ यहाँबाट
कति वर्ष भयो ?
तिनरू लगातार फर्किरहेको
मैले निरन्तर रगतको बाढी हेरिरहेको
सम्झनाका पृष्ठरूमा

नाममाथि नाम थपेर
बादलका टुक्राहरूलाई
आँखाहरूमा स्थान दिइरहेको
कति वर्ष भयो ?

पातझैँ उडेर
हतारहतार मृत्यु शय्यामा
आराममा लिनका लागि
यहाँ आएजस्तो लाग्दैन
भिजेको मैन भएर
उज्यालो दिनै नसक्ने
भएर जन्मेको
जस्तो पनि लाग्दैन
कति वर्ष भयो ?
के हुन गयो
निरन्तर हिँड्दा पनि
के हुन गयो
कति वर्ष भयो ?

झरीमा पहिरो जाँदा
म पनि निस्कन्छु बाटामा
बाटामा निस्केको कति वर्ष भयो
बाटामा निस्केको बेलाम
साथीहरूसँग छातीमा गोली लाग्दा
आफु पनि ढलेको झैँ भएको
कति वर्ष भयो
कति वर्ष भयो
साथीका लाशहरूमा
आँसुहरू राख्न नपाएको
कति वर्ष भयो
तिम्रा मृत्युहरू
फुटेका कुर्कुच्चाका लागि
दूधका तरहरू हुनेछन्
केही वर्षपछि च्युरीका घीउहरू हुनेछन्

कति वर्ष भयो
मनमा कुरा खेलाएको
कुरामात्र खेलाएको
कुरा खेलाएको मात्रै मनमा
कति भयो ?

## नयाँ घाउ नै लेख्नू

बाढी र खडेरीको कुरा लेख्नू
त्यहाँबाट सावधानीपूर्वक
मलाई स्वतन्त्र भएपछि प्राप्त हुने
मेरो साँझ खेर नजाने गरेर ।
लेख्नू धमिलो देखिए धमिलो लेख्नू
हलक्क बढिसकेको काँढाले
कोतरिरहेको भए कोतरेकै बयान लेख्नू
केही फरक पर्दैन
मलाई घाउ हुने आशंका हटाएर
मेरो लागि नयाँ घाउ नै लेख्नू ।
जंगली फूलले घुम ओढेको भए
नढाँटीकनै ओढाउने मानिसको नाम लेख्नू
पुरानो टेबुलमा
दिउँसो लगाएको कपडा फुकालेर
मनपर्ने खामभित्रबाट
आफूले थन्काएको आँखा फुकालेर
म पढूँला तिम्रो चिट्ठी
बिना झूल बितेको रातलाई बिर्सिएर ।
सावधानीपूर्वक लेख्नू
खलंगाले खोजेको भए पहार
बाटो बनाउँदा बनाउँदै
कसैको चुरा फुटेको भए
आशंका हटाएर लेख्नू मलाई घाउ हुने
बाटो बनाउँदा मरेको
त्यो महान् मान्छेको नाम
नि:संकोच लेख्नू
मेरो लागि नयाँ घाउ नै लेख्नू
सावधानीपूर्वक लेख्नू
हज्जारौं आँखारू तरेर मलाई प्राप्त हुन्छ चिट्ठी ।

## पागलहरू किन मुद्दा दायर गर्छन् ?

एउटा हातमा काँसको
अर्को हातमा मजुरा बोकेर
बजाउन त बजायो राष्ट्रले नवीन धुन
तर यो धुन अझै एउटा मान्छेले रोक्न सक्छ
बाजको नंग्रा यथावत रहेको अवस्थामा
पागलले मात्र भन्छ(
नक्षत्रपथमा निर्धक्क भएर परेवा उड्नसक्छ ।
एउटा गालामा लाली
अर्को गालामा पाउडर
लगाउन त लगायो राष्ट्रले लाली र पाउडर
तर, पाउडर र लाली
अझै एउटा कालो रुमालले पुछ्नसक्छ
चील यथावत उडिरहेको परिवेशम
।पागलले मात्र भन्छ(
आँगनमा विना त्रास चल्ला दगुर्नसक्छ ।
केवल जाइको फूल घुसारिरहेको राष्ट्रले
 सिउँदो चिरेर बीचमा
लगाउन त लगायो एकातिर कनिके फूल
र, अर्कोतिर रातो गुलाफको
फिक्कै भए पनि फूल
तर ती फूलरू अझै एउटा लट्ठीले झार्नसक्छ
मातिएको कालो भवँरा काननमा घुमिरहँदा
पागलले मात्र भन्छ(
फूलरू नांगै बस तिमीरू सुरक्षित छौ ।
पागल अधिवक्ताले राष्ट्रको न्यायलयमा गर्न त पैरवी गर्ला
जोखिम नामको चरा राष्ट्रबाट भुर्र उडिसकेको छ
सुन्न त सुन्ला न्यायाधीशले बहस
तर फैसलामा लेख्ला(
जोखिम नामको चरा उडेजस्तो देखिए पनि
प्रमाण के छ त्यो राष्ट्रिय रुखको टुप्पोमा बसेको छैन
प्रमाणै नपुग्ने मुद्दा न्यायालयमा
पागलरू किन दायर गर्छन् ?

## त्यो योद्धा को हो ?

घोडामा चढेर समर मैदानमा जानु थियो गयो योद्धा
युद्ध जितेको बहानामा विजयमाला लाउनु थियो लगायो योद्धाले
घाइते घोडाको सम्झना अब किन गर्थ्यो योद्धाले
अर्को समर नआई किन योद्धाले सम्झन्थ्यो घोडालाई ।

फुल्नु थियो फुल्यो फूल
राष्ट्रिय फूलदानीमा पस्नु थियो पस्यो फूल
फुलाउने आवहवाको अब सम्झना किन गर्थ्यो फूलले
जुन पातरूले त्यो फूललाई
खतरनाक वातावरणमा छोपेर बचाए
अब किन सम्झन्थ्यो फूलले ती पातरूलाई ।

युद्धमा घोडा घाइते भयो सहिद भएन
आफ्नै रगतले आफ्नो जगर भिज्दा
रोएर समर मैदानबाट घाइते घोडा भागेन
एकपल्ट सुम्सुम्याउनुपर्छ घाइते घोडालाई
युद्ध जितेको मनसुवामा योद्धालाई
यस कुराको कुनै सरोकार रहेन ।

उपेक्षित भयो आवहवा
राष्ट्रिय फूलदानीमा पसेपछि फूललाई
उपेक्षाको कुनै मतलब भएन ।
कल्पना नगरिएको आँधी वातावरणमा आयो
नयाँ चस्मा लगायो फूलले
बकैनाका पातरूमा मण्डप बनायो
उडे उडून आफूलाई बचाउने पातरू
नयाँ चस्मा लगाएर फूलले
नयाँ धारणा बनायो ।

नयको मातमा घाइते घोडालाई बिर्सिने योद्धा
भद्रगोल भएर बनेको राष्ट्रिय फूलदानीमा बस्ने फूल
नबिर्स सगरमाथाभन्दा माथि अझै सारसरू बसिरहेका छन्
तिनको विरोधमा युद्ध लड्न बाँकी नै छ
घाइते घोडा अवश्य लड्नेछ त्यो युद्ध
तर पिठ्यूमा अर्को योद्धा हुनेछ
घोडालाई अत्यन्तै माया गर्ने योद्धा
त्यो योद्धा को हो ?

## मालिकको रौँ रौँ हेर्नलाई उज्यालोलाई पर्ख

चाँदीको हुक्का पनि छ
पित्तलको पनि छ र
काँसको हुक्का पनि टलक्क टल्केको छ
काँचको हुक्कासमेत एकदमै सफा छ
आज कुन हुक्कामा आफ्नो ओठ राख्छ मालिकले
अजीज खाँलाई थाहा छैन
कुन हुक्कामा मालिकले
कालो ओठ राख्छ यस्तो निश्चित कार्यक्रम बनेको
आजसम्म अजीज खाँलाई थाहा छैन
रबरको नली पनि छ
कला कुँदिएको काठको नली पनि छ
प्रयोगशालामा प्रयोग हुने
शिशाको पातलो लामो ढुंग्रोजस्तो नली पनि छ
कुन नली आज मालिकको हातले समात्छ
र हुक्काको प्वालमा संयोजन गर्छ
अनि मुखमा ठ्याम्मै जोड्छ
मधुसुदन बुढाथोकीलायई थाहा छैन
खास नली समात्ने र हुक्कामा जोड्ने
यस्तो निश्चित कार्यक्रमा बनेको
आजसम्म मधुसुदन बुढाथोकीलाई थाहा छैन
मालिक देख्नेबित्तिकै
अजीज खाँको जिब्रो गायब हुन्छ
मधुसुदन बुढाथोकी
मालिकको अगाडि जिब्रो हराएको
मानिस भएर उपस्थित हुन्छ
यो हुक्कामा आज तमाखु खानुहोस्
आग्रह गर्न सक्दैन अजीज खाँ
यो नली आज हुक्कामा संयोजन गर्नुस्
बर्बराउन सक्दैन मधुसुदन बुढाथोकी
उनीरू दुवैलाई थाहा छ
मालिकको हातमा तरबार पनि छ
शब्द छर्दा टाउको एकातिर शरीर एकातिर
हुने गरेको इतिहासलगायत त्यस्तै सम्भावना पनि छ
भ्याट उनन्सत्तरी  मार्काको रक्सीको बोतल पनि दराजमा छ
भोड्का लेखिएको काँचको सेतो सिसीभित्र
हेर्दा पानीजस्तो देखिने रक्सी पनि छ
जोनीवाकर टोप लगाएर छडी समातिरहेको
चित्र टाँगिएको लाम्चो सिसी पनि छ
हेर्दा खुकरी नै हो भन्ने जस्तो लाग्ने
खुकुरी रम लेखिएको खुकरीजस्तो रम पनि छ
मालिकले आज कुन रक्सी खान्छ
गोपाल महर्जन केही भन्न सक्दैन
रक्सी खाएपछि मालिकले आज
कुनकुन मानिसलाई बेइमान भन्छ
र मालिकले बान्ता गरेको छादलाई
पुच्छर हल्लाउँदे कुनचाहिँ कुकुरले खान्छ

सिकारी कुकुरले खान्छ कि
भोटे कुकुरले खान्छ मालिकको छाद
या खच्चडले खान्छ अथवा
जातै नभएको राधेपाटे कुकुरले खान्छ
गोपाल महर्जन केही भन्न सक्दैन
यस्तो निश्चित कार्यक्रम बनेको
गोपाल महर्जनलाई आजसम्म थाहा छैन
फुलदानीजस्तो मालिकको कोठामा
आज साँझमा मालिकले घोडा चढेर
शहर घुम्दा कुनकुन झ्यालको
मासुको फूल आफ्नो कोठामा हाजिर गराउने
निदेश दियो मालिकले
दयानन्द पण्डितलाई थाहा छैन
कुनकुन मासुको फूलको झुलना बनाएर
आज मालिक झुल्छ रातभरि
र केही समयअगाडिको आफ्नो तस्बिर
दिएर फूललाई घोक्राउँछ झिसमिसेमा
दयानन्द पण्डितलाई थाहा छैन
आजसम्म निश्चित कार्यक्रम बनेको
दयानन्द पण्डिलाई थाहा छैन
तर उज्यालोलाई थाहा छ एकएक
थाहा छ पर्ख उज्यालो हुन्जेलसम्म
मालिकको मृत्यु निश्चित छ मालिकको मृत्युपश्चात्
रौँरौँ देखाउँछ उज्यालोले ।

## गृहत्याग

सम्पूर्ण खापारू मक्की हाले
रोगनरू पनि फुंग उडी हाले
चकनाचुर भइहाले ऐनारू
बाक्लो पर्दालाई पनि हतारमा बालेको आगोले खाइहाल्यो
बैंस  चढाएर देखेको सपनालाई पनि
आँधी रोकेर आएको स्थितिले उडाइहाल्यो
अलिकति पीडा संकलन गर्दैछु
र, आफ्नै आँसुको हाट लगाएर
म गृहत्याग गर्दैछु
मलाई लाग्दैछ म अत्यन्तै असल काम गर्दैछु।
कोठामा सिसौको रुख अग्लो हुने
वाहियात कल्पना छिरिहाल्यो
सडकमा बगेको रगतले धोखा पाएर
लाचार हुँदै पैनीको पानीको मूल्या स्वीकारिहाल्यो
रह्यो के नै असल मानिसरूको तस्बिररूबाहेक
मनको सन्दुकमा असल मानिसका तस्बिररू कोचेर
आफ्नै पुर्पुरोलाई तबला बनाएर
आफ्नै हातद्वारा आहत दिँदै
म गृहत्याग गर्दैछु
मलाई लाग्छ म जे गर्दैछु
त्यो असल मान्छेबाट हुने अत्यन्तै असल काम गर्दैछु
मिश्रीको पर्वत ढोकाबाट भित्र पसिहाल्यो
दुष्टको निम्ति दूधको धारा
आफ्नै छानाबाट छहरा बन्दै खसिहाल्यो
बेशभूषामा परिवर्तन गरेर
पिपिलिकाका ताँतीरू मिश्रीको पवृतमा चढ्न थालिहाले
एउटा हाडले अर्को हाडलाई हिर्काउँदै
बज्ने बाजा नगरा जत्रो भएर बजिहाल्यो
सुरदासरूका अगाडि
मेरो आँखाको के मूल्य छ
भोकाएका परेवारूलाई एक मुठी तील भए पुग्छ
बेदका जाली मन्त्र गुन्गुनाएर
जीवनयापन गर्न पल्केका तथाकथित पण्डितरूलाई
तत्कालै पात्रभरि पायस भए पुग्छ
सदाका लागि अन्न उमार्ने गरारूको के काम
मोलम्बा जडेको मुर्तिरूको यहाँ मूल्य छ
दिलरुवाको कुनै मूल्य छैन यहाँ
यहाँ त पात बजाएर
निकै गहकिलो धुन बजाइएको हल्ला हुन्छ
थारो गाईलाई कामधेनु सम्झने गृहमा अल्मलिएछु
धृतराष्ट्रको दृष्टिमा
हीरा केवल ढुंगाको तौलमा नै हुन्छ
म यहाँ चुपचाप बसिरहेँ भने
मिश्री खाएर अघाएका पिपिलिकारूले स्वादमा परिवर्तन गर्छन्
र मलाई टोक्न थाल्छन्

कताकताबाट आएका भीडरू पनि छन्
तिनीरूले तबार निकाल्छन् र
मेरो जीब्रोलाई काटेर देवीको मन्दिरमा चढाउँछन्
र, प्रसन्न हुँदै देवीले
ती भीडरूलाई कैयौँ बिर्ताका मालिक बनाउँछिन्
यहाँ धर्म भनेकै मजस्ता मानिसको खुट्टा काटेर
दफारूभन्दा माथि बस्ने ईश्वरलाई चढाउनु हो
र आजन्म पुस्तौँ पुस्तासम्म
आनन्दसँग पीङमा झुलिरहनु हो
यी सारा खतराबाट पन्छिनैपर्छ मैले
म गृहत्याग गर्दैछु
मलाई लाग्दैछ- म अत्यन्तै असल काम गर्दैछु
यहाँ मेरो भन्नु कोही छैन
मेरो घाउम चुपी तताएर र झीर तताएर
मलाई घोचेर भ्वाँला थप्नेरूबाहेक
त्यसैले म गृहत्याग गर्दैछु
मलाई लाग्छ
म जे गर्दैछु दीर्घ कालका निम्ति
ठीक र असल काम गर्दैछु

मरुभूमिमा एक थोपा पानी पऱ्यो
यत्रो हल्ला किन ?
नङछुरीको पीडा हिजो पनि भोगेकै थियो शरीरले
नाक वारवार चिसो स्याँठको आक्रमणमा रोएकै थियो
दिल्लीले सगरमाथामाथि आँखा लगाएकै थियो
मिसिसिपीले आफ्नो प्रभाव जमाउन
काठमाडौंका कठपुतलीरूलाई डलर बाँडेकै थियो
मरुभूमिमा एक थोपा पानी पऱ्यो
यत्रो हल्ला किन ?
के बादशाहले लगाएको चश्माको आलोचना गर्न पाइन्छ
के बादशाहको घरपालुवा जनावररूलाई
कारणसहित मुर्दावाद भन्न पाइन्छ ?
हिजो पनि बेनले आफ्नो टाउकोमा टोपी हुलेकै थियो
आज पनि ससम्मान हुलेकै छ हिजोको टोपी
के त्यो टोपी बेचेर पहाडी मार्गमा
रज्जूमार्गको योजना बनाउन सकिन्छ
केही गर्न सकिँदैन मरुभरुमिमा एक थोपा पानी पऱ्यो
यत्रो हल्ला  किन मरुभूमिमा केवल एक थोपा पानी पऱ्यो

हिजाजस्तै भाइटीका बेतियाको गणिकालयमा
त्रिभुवन राजपथबाट खुलमखुला निर्यात भएकै थियो
ठीक हो अहिले भाइटीका निर्यात हुने बाटो फरक छ
अहिले पृथ्वी राजमार्ग हुँदै भाइटीका निर्यात भइरहेछ
ठीक हो अहिले बेतियाको सट्टा मुम्बईमा
मेरी बहिनी इजाजत दस्तूर बुझाउने कोठामा
दर्ता भएकी कस्वी भएकी छे
के भाइटीका निर्यात हुन नसक्ने गजबार कसैले लगाएको छ
के दरिद्र मानिसरूले बेलको सर्वत खान पाएका छन्
के फ्याउरो मार्ने बन्दुक इजाजतबिना काँधमा भिर्न पाइन्छ
केही भएकै छैन केही पाइँदैन
मरुभूमिमा पानी पऱ्यो यत्रो हल्ला किन ?
हिजो पनि अर्ना निस्फिक्रीसँग जंगलमा चर्थ्यो
आज बनकालीछेउ बडो शालीन भएर चरिरहेछ
के त्यसले आलोकको रगतलाई
आफ्नो विषाक्त सिङले हिर्काउन छोड्यो र
केही छाडेको छैन त्यसले
फगत शालीन भएको अभिनय गरिरहेछ
के त्यसलाई थुन्न भनेर
कतै चिडियाखाना निर्माण भएको छ ?
केही भएको छैन
मरुभूमिमा एक थोपा पानी पऱ्यो
यत्रो हल्ला किन मात्र एक थोपा पानी पऱ्यो ?

रक्तवृष्टि रोक्न हिजो पनि आतुरै थिए करमचन्दका लठैतरू
बेनम बोक्ने सर्प पनि करमचन्दको मित्र हुन्छ
टपरीमा भात खाइरहेकारूले स्टिलको थालमा
पुलाउ सत्ताले पस्किने भएपछि
मेघराजले दिएको मरुभूमिमा एक थोपा पानी

एउटा महासागरको हल्लामा परिवर्तन हुँदोरहेछ
हिजो पनि ग्रेनाडाको दुःखमा आँखा रोएकै थियो
आज पन रोएकै छ बेबिलोन ध्वस्त पार्ने
सेतो भवनको षड्यन्त्रमा
हिजो पनि खास कपडा थिएन जाडोमा लगाउने
आँखामा त्यही सपना थियो
रगतको वृष्टि भएर जार भागेको
आज पनि त्यही सपना छ
रक्तदान यो क्षेत्रमा च्याङकाइसेक भगाउने
अभियानका निम्ति
च्याङकाइसेक भागेकै छैन
मरुभूमिमा खरबुजा खाइरहेछ
मरुभूमिमा एक थोपा पानी पऱ्यो यत्रो हल्ला किन ?

## सत्यकथा

जताततै प्रसूनरू जब अनायासै भस्म हुन थाल्छन्
खोलारू आकाशलाई छोएर जब बग्न थाल्छन्
गोगिया पासा र पिसी सरकाररूले
जब तोपमा राख्ने गोलारूलाई
सहजै बनाउनसक्छन् बुनियाँका लड्डुरू
तब मेरो मृत्यु हुने सम्भावना हुन्छ
मेरो मेरो मृत्युपश्चात् मात्रै
जताततै यामिनीको खतरनाक अखण्ड नृत्य हुन्छ ।
जहाँ आगोले मसानघाटमा लासरू जलाउन सक्दैन
शीत नामको बस्तु जब कतै खस्दैन
प्रकृतमा जब बुद्ध आउँछ सडकमा र
बन्दुक बोकेर व्याधामा परिवर्तन हुन्छ
तब मेरो मृत्यु हुने सम्भावना हुन्छ
मेरो मृत्युपश्चात्मात्रै
जताततै यामिनीको खतरनाक नृत्य अखण्ड हुन्छ
भगतसिंहले जब आँखाबाट
शिवलिंगलाई आँसुको अर्घ दिनथाल्छ
शुभाषचन्द्रले जब यथार्थमा
पराधीनलाई स्वीकार गर्नथाल्छ
जब लेनिनले जारसँग अंकमाल गरेर
एउटै रिकापीमा कवाफ खान थाल्छ
तब मेरो मृत्यु प्रकृतमा निश्चित भएर आउँछ
छातीमा ठोकिएको कीलोलाई
जब येशुको आँखाले घृणा गरेर हेर्ने गर्छ
कस्वीलाई जब येशु पनि ढुंगाले हान्न खोज्छ
तब मेरो प्रकृतमा मृत्यु हुन्छ
मेरो पश्चातमात्रै
जताततै यामिनीको नृत्य अखण्ड हुन्छ ।
चरारूले जब बोल्न बिर्सिन्छन्
हावा जब ठ्याम्मै चल्दैन कतै कुनै देशरूमा समेत
चुत्रोको बोटमा जब भगटे फल्न थाल्छ
काजूको खेती जब कोटको खल्तीमा हुनथाल्छ
हिलोमा जब तरबार टुक्राटुक्रामा परिवर्तन हुनसक्छ
जब तारालाई मानिसले बोकेर
नगर परिक्रमा गर्नसक्छ
तबमात्र मेरो मृत्यु हुने निश्चित हुन्छ
मेरो मृत्युपश्चात्मात्रै
जताततै यामिनीको खतरनाक नृत्य अखण्ड हुन्छ ।

कारखानाका चिम्नीरूबाट धुवाँ निस्केकै छन्
ऐतिहासिक आधारबाट निर्धारित सिमानामा
वर्गभेदका तस्बिररू टड्कारिएकै छन्
यस्तोमा मेरो मृत्यु
कुनै घोडील फिस्टु जन्माएकी
आश्चर्यजनक अपत्यारिलो कुरा हो

प्रकृतमा मेरो मृतयु
एउटा निरर्थक हल्ला हो
कण्ठी बाँधे पनि नबाँधे पनि
बाजले मासु खान्छ भन्ने कथा
यस बखतको सत्य कथा हो ।

## धमौराबाट झौवा थारु चिट्ठी लेख्छ

सहिद निस्केको सुरुङलाई आगोले खाएको छ
सुरुङको अस्तित्वलाई दँतकिच्चा नदीले बगाएको छ
फरिकामा झुण्डिएको चोलोमा पुराना दिनरू छन्
चोलोमा रहेको थैलीभित्र तारीखका पर्चारू छन्
मुद्दाको किनराबाट एउटा तरबार निस्केको छ
हरेक पल थुंगनीमा राखेर मासु काटिरहेको छ
आफ्नै जमिनमा पनि फैसलाका काँचरू छरिएका छन्
कष्टसाथ हरेक दिन सूर्य मरिरहेछ
र कामतको झ्यालबाट दूधियाको गन्ध आइरहेछ
नयाँ राइफल बोकेर मुन्नाका रुखरूमा
मुन्नारू झुण्डिएका छन्
तिनका डरलाग्दा आँखारू छाप्रारूमा पर्न सक्छन्
र फूलमन्ती र सतनियाँका दाँतरू
कुनै पाखुरामा बुट्टा बनाउन सक्छन्
बुट्टाको पर्वाह कसले गर्छ ?
असरको कल्पनामा कुन आँखाले
छोडिदिन्छ फूलमन्ती र सतनियाँलाई
आफैँले बाटेको डोरीलाई
आफ्नो घाँटीमा प्रयोग गरेर
यहाँ सतनियारू मरिरहेका छन्
र फूलमन्तीका सनाखतका
पर्चारू झुण्डिरहेका छन्
बाबाको स्थानमा काठका घोडा राखेर पनि
केही काम बनेको छैन
आफ्नै हातले दूधलाई घोटेर
खुवाको ठूल-ठूला लड्डु पनि बनाइयो
र सबभन्दा ठूलो थालीमा
लगेर बाबालाई पस्कियो पनि
तर पनि केही काम बनेन
अचेल यता जय गोविन्द शाह आउँदैनन्
बशीर मियाँ पनि आउँदैनन्
र छविलालको हालखबर कस्तो छ
वर्षौं वर्ष भयो चिट्ठी लेखेनौ
तिम्री आमाको हाल कस्तो छ
सम्झना गर सिंगियाको हाटमा
जब म रोएको थिएँ
जमिन्दारको बुटले मेरो गोडा कुल्चेकोले
मलाई दुख्दा
तिमीले भनेका थियौ-
रात्री बस चढेर धमौरामा
एकदिन स्तालिन आउँछ
मलाई लेखी पठाऊ
रुखका टोड्कामा बेनम बोकेर
सर्परू उत्पात मच्चाइरहेका छन्

पूर्णांक प्राप्त गर्न लायक छन्
कप्तानका आदेशरू
आँखामा आगो बालेर दुष्टका आँखारू खतम गर
जहाजलाई बोक्न दिएर आग्नेयास्त्रको भारी
आफ्नो जहाजको बेलैमा मर्मत र सम्भार गर
नगरलाई महानगर बनाउन चाहन्छौ भने
यी नगरलाई चारैतिरबाट ध्वस्त गर
ध्वस्तपछि हुने निर्माणको अनावरण गर
यो काम तत्कालै गर
काम सकिएपछि ताजा हावामा विश्राम गर
शत्रुका मूल्य बोकेका इतिहासका पानारूलाई
आफ्नै साहसका भरमा
अवमूल्यन गर, प्रकृतमा उद्घाटन गर
ब्रह्मले सडकमा शिशिर छरेको थियो
र आफ्नो रगतका पर्खालरूका निम्ति
पुग्दो बसन्त लिएको थियो
दुष्टलाई खिल गाड्न हिँडेका
आफ्नो गोलाबाट निस्केका माहुरीरू
ब्रह्मालाई मह दिएर फर्के
आफ्नै गोलाका माहुरीरूले भूल गरेका छन् भने
तिनीरूलाई सुधारेर सत्कार्यमा लैजाने काम गर
मह त्याज्य छ भन्दै
मैले भनेको काम तुरुन्त गर ।
सपना समर्पित गरेर फर्किएका सिथियनका दाँतरूलाई
तिनका च्यापुबाट छुटकारा दिनका निम्ति
ढुंगा कुटेर जीवन निर्वाह गरिरहेका
दुःखी आमारूसँग घनका निम्ति
आमाका पाउरूमा आफ्ना टाउकारू राखेर
घन माग्दै सिथियनका अर्थरू बुझाउने काम गर
सिथिउनले सबिस्तार आत्मलोचना गरेमा
तिनीरूलाई माफ दिएर
महान् हुने व्यापार गर
पददलितका पसिनारूमा मोज गरेर
प्राणायाम गरिरहेका महाजनका बैठकरूमा जाऊ
बन्दुकलाई बोल्न लगाऊ
थोपारूको बुट्टा बनाऊ
यस्तो बुट्टा बनाएर फर्किने काम तुरुन्त गर
फर्केपछि फेरि आफ्नै जहाजमा आराम गर
ध्वस्तपछि हुने निर्माणको आवश्यकता छ
तिमीरू सबै ध्वस्त गर र
र ध्वस्तपछि हुने निर्माणको
तुरुन्तै अनावरण गर ।

म आज यस्तो कुरा पनि गर्छु
जहाँ रुखरू बोकासोका निम्ति चमर हल्लाउँछन्
कालो डरलाग्दो जिब्रो गाउँतिर लाग्ने
षड्यन्त्र बुनेर मबल फुटाल्ने चेष्टा गर्छ
त्यस ठाउँमा बजिरहेको दाँतलाई शान्बत राख्न
म अलिकति पनि घाम ताप्दिन
फेरि आगाका कुरारू गर्छु
सुनगाभा र मखमलीका कुरारू गर्दिन
फेरि हतियारकै कुरारू गर्छु
मकल फुटाल्ने कुरारू गर्दिन
जंगलले हिर्काएको मार देखेर
फेरि माउ जे दुंगकै कुरारू गर्छु
लनबहादुरले रगत दिएर
कहाँ भाग्यो चेङ काइ सेक
म फेरि चेङ काइ सेक भगाउन
मकलले बाल्नुपर्ने आगाकै कुरारू गर्छु
बसन्तपुरमा पनि त्यही कुरारू गर्छु
कलकारखानरूभित्र पनि
निर्धक्कसँग चेङ काइ सेक
नभागेको सबुतरू देखाउँदै कुरारू गर्छु
बाउ मर्दा कपाल नखौरेर
बाउकै टोपी टाउकोमा हुलेर
हतारहतार सलाम खाने
पुत्रकै कुरारू गर्छु
म कहाँ वृद्धरूको कुरारू गर्छु ?
चिठू विहारैमा पनि म युद्धका कुरारू गर्छु
तथाकथित ईश्वरलाई म फूलरू
चढाउने कुरा कहाँ गर्छु
बरु रगतको अर्घ दिएर
जमिनमा म ईश्वरलाई
जमिनमुनि राम्रोसँग गाड्ने कुरा गर्छु
म बहुला हात्तीको मयल माडेर
त्यसलाई उखु चपाउन दिने कुरा कहाँ गर्छु
बरु साबेल खोजेर बोराका बोरा नुन खोजेर
बहुला हात्तीलाई जमिनमुनि ताउने कुरा गर्छु
त्यसको मासु चाँडै गलोस्  भनेर
त्यसको निद्रामा नुन राख्ने कुरारू गर्छु ।

नाकमा रहेका एकएक मासाका फूलीरू फुकालेर
बेचेर बाणरूलार्य म कहाँ
यो जाडोमा गहतको दाल पकाउने कुरा गर्छु
तिलहरी फुकालेर त्यौडमा
म कहाँ महाबौद्धमा
मसिनो चामल किन्ने कुरारू गर्छु
जतातत‌ै गहना बेचेर
बन्दुक किन्नुपर्ने कुरारू गर्छु
राष्ट्रका निम्ति सिउँदो पस्कनु पर्ने बेलामा

म  कहाँ ताजमहल बनाउने कुरा गर्छु ?

जहाँ रुखरू यहुदी भएर हिँडिरहेछन्
कीलाको व्यापार पाराकाष्ठामा पुगिरहेछ
म इसा मसिहाले जस्तै
पापीरूलाई क्षमादान दिने कुरारू कहाँ गर्छु ?
छातीमा कीलारू नाचिरहुन्
र म पीडामा दुई घोडे रक्सी खाइरहूँ
म रक्सी खाने कुरा कहाँ गर्छु
बरु तेजाब खोज्ने कुरा गर्छु
दुष्टका अनुहाररू विकृत पारेपछि
मनाउँला एउटा नयाँ उत्सव
म नयाँ उत्सवका निम्ति
अब सुल्टो शंख बजाउने कुरा गर्छु
म शम रोप्नका निम्ति
जताततै समरका कुरारू गर्छु
बोकासोलाई रामनामी ओढाएर
जंगललाई मलामी लग्ने
गजबको कुरा गर्छु
म आज निर्भिक भएर कुरा गर्छु
युद्धमा जिते पनि म-
म केही लग्दिन
म आज यस्तो कुरा पनि गर्छु ।

## एउटा गोली खर्च गर
## नयाँ हावाका पहरेदारहरू

१.काला मानिसरू पनि गोरा देखिएका छन्
नयाँ हावा सुन्दर छ कुनै हालतमा पनि भन्दिन
टाउको ठोकेर जमिनमा मर्न तयार हुन्छु
तर गिल्डर र गिल्लीको लोभमा
यस्तो हावालाई आँखा चिम्लेर सुन्दर स्वीकार्दिन

२.नयाँ हावाले कुन बेला पुछ्यो र तगरले बगाएको आँसुलाई
को दौड्यो यो हावामा विधवाको कपालमा अबिर दल्न
आँसु खाइरहेको मानिसको स्वादलाई
यो नयाँ हावाले राष्ट्रको कुन ठाउँमा
स्वाद परिवर्तन गर्नसक्यो
टाउको जमिनमा ठोकेर मर्न  तयार हुन्छु
तर यस्तो हावालाई
राष्ट्र सुन्दर बनाउने पवन हो भन्न अस्वीकार गर्छु

३.संस्थानको हाकिमको कालो टोपलाई
नयाँ हावाले अलिकति पनि हल्लाउन सकेको छैन
भुइँमै सुतेर रात काट्न बाध्य छ बहिदार
उसलाई नयाँ हावाले एउटा मचान सिसार दिन सकेको छैन
अदृश्य मन्दिरबाट निस्केका फूलरू
नयाँ हावाको तारिफ गर
आयातित चुरोटको धुवाँ आकाशतिर फाल्दै
केही क्षण मानिसरूलाई झुक्याउन सकिन्छ
पित्तल र सुनको रंग एउटै देखिन्छ
टाउको ठोकेर मर्न तयार हुन्छु
तर यस्तो हावालाई पवन हो कतै बक्दिन

४.नयाँ हावाको बखान गर खुला मैदानरूबाट
राष्ट्र कति भासिएको छ त्यसको वास्ता नगर
जमिनमा टाउको ठोकेर मर्न तयार हुन्छु
यस्तो बखानलाई थुक्न तयार हुन्छु
एउटा गोली खर्च गर नयाँ हावाका पहरेदाररू
म राष्ट्र उठाउने खट बनाएर मर्न तयार हुन्छु ।

## म को हुँ

गल्छेडाबाट स्कुलतिर गइरहेका
एक हुल बालकरूलाई
मैले हातको इशाराद्वारा
एकैक्षण अड्न आग्रह गरेँ
कोटको खल्तीबाट एक पुरिया पत्ती निकालेँ
उनीरूलाई एक एक वटा दिँदै भने
पत्तीलाई सदैव साथमा राख
यहाँ एक हुल खतरनाक ओठरू छन्
तिनीरूबाट सुरक्षित होऊ
खतरनाक दागरूबाट मुक्त होऊ
मैले पत्ती बाँडेँ
म को हुँ ?
असनका माछाले एउटी महिलालाई हेरिरहेको थियो
महिलाले आफ्ना आँखारू चिम्लिरहेकी थिइन्
एउटा बच्चाले अलकत्रा चाटिरहेको थियो
रोइरहेको थियो मनलाई रोदनले चिमोटिरहेको थियो
मैले असनको बाक्लो भीडमा
आफ्ना ब्लाउजका टाँकरू फुकालेँ
र असनको माछालाई
आफ्ना स्तनरू देखाएँ
रोएको बच्चा मतिर दौडियो
मैले असनको भीडमा
रोएको बच्चालाई स्तनपान गराएँ
जब बच्चाले हुलुक्क गर्‍यो
र आफ्नो थुकसँग
अलिकति मेरो दूध पनि छाद्‌यो
मैले आफ्नो खगामले
मेरो ब्लाउजमा परेको
उसको छादलाई पुछेँ
सारा भीडरू हाँसे
र एउटा विशाल आवाज बर्स्यो
विक्षिप्त आइमाई !
के म विक्षिप्त हुँ ?
म को हुँ ?
जनकपुरका मुसहररू
रत्नपार्कको खुला चौरमा
सुगालगायत अन्य चराका व्यापार गर्दै थिए
खुद्रा व्यापार गर्दै थिए
सुगारू चुपचाप थिए
अन्य चरारू कराइरहेका थिए
केही वर्षअगाडि
मैले कालो झण्डा बोकेको थिएँ
मन्त्रीलाई कालो झण्डा देखाएको थिएँ
मन्त्रीलाई कालो झण्डा देखाएको
अपराध न्यायालयले सावित गरेको थियो
म झ्यालखानामा परेको थिएँ

बन्धनके अनुभूतिले मेरो मनमा पहिरो गयो
मैले सबै चराहरू किन्छु भनें
जनकपुरका मुसहररूले यो कुरा पत्याएनन्
मैले आफ्नो छालाको थैली उघारेँ
र चलनचल्तीमा रहेका
नयाँ-नयाँ नोटरू देखाएँ
थोकदरमा सुगालगायत
अन्य सम्पूर्ण चराहरू खरिद गरेँ
नजिकै कोही चटक देखाइरहेको थियो
चटक हेर्नेरू सबै मतिर आए
मैले सम्पूर्ण चराका पिञ्जराहरू खोलिदिएँ
सारा चराहरू भुर्र उडे
स्वतन्त्रताजस्तो प्रिय कुरा यहाँ केही छैन
त्यसैले त स्वतन्त्रताका निम्ति
मानिसरू आफ्ना प्राणरू दिन्छन्
सारा चराहरू उडे
विशाल आकाश छ कहाँ जान्छन् उनीहरू
जे होस् मैले सारा चराहरूलाई
पिञ्जराबाट मुक्त गरेँ
र सारा पिञ्जरामा आगो बालेँ
एउटा तमासा देखाएँ
मलाई भीडले बहुलाएको  भन्यो
म को हुँ ?
सधैँको जस्तो रात कोठामा आयो
कहिल्यै नलाएको मानिस
एउटा ठूलो हाते थैली बोकेर
मेरो कोठामा आयो
मैले आफ्ना सारा बस्त्ररू फुकालिदिएँ
लाजलाई मुलढोकाबाट
घोक्राएर बाहिर निकालिदिएँ
उसले मलाई तलदेखि माथिसम्म हेऱ्यो
मेरा स्तनरू हेऱ्यो
मेरा तिघ्राहरू हेऱ्यो
मेरा आँखालगायत
ओठरूलाई निकैबेर हेऱ्यो
उसले मलाई लुगा लगाउने अनुमति दियो
केही आँत्तिन नपर्ने परामर्श दियो
हुन नपर्ने क्रिया केही भएको छैन
म आजसम्म चक्कीरू खाँदैछु
रक्त परीक्षणका नतिजा भन्छ
ममा केही खराबी छैन
न उसले मलाई कतै स्वाइ खायो
न बाजजस्तो भएर
मलाई परेवा ठानेर
उसले मेरो मासुलाई झम्ट्यो
म र ऊबाहेक कोही नभएको घरमा
म केही बेर नांगै भएँ
के म कस्बी हुँ ?

म को हुँ ?
चिसो स्याँठले आँगनमा परेड खेलिरहेको थियो
एक हुल सिपाहीरू उत्तरतिर जाँदै थिए
सिमानाको रक्षा नै उनीरूको धर्म हो
म हत्तपत्त आँगनमा निस्किएँ
र उनीरूलाई एर्कक्षण आफ्ना पाइलारू रोक्नुस् भनें
उनीरूले आफ्ना बुटरूलाई
शालिकरू जस्ता बनाए
मैले उनीरूलाई आफ्ना कानका
सुनका बालारू दिएँ
नाकको फुली दिएँ
मैले उनीरूलाई दक्षिणतिर
जाने सल्लाह दिएँ
सबै गहनारू बचेर
सिमानाको रक्षार्थ
अझ केही आयुधरू
किन्ने आफ्ना सुझावरू दिएँ
सिपाहीरू उत्तरको साटो
दक्षिणतिर लागे
सिपाहीरूलाई दक्षिणतिर
पठाउने म को हुँ ?
म को हुँ ?

## क्रान्तिदेखि होशियार

मेरो बस्त्रलाई यस बखत जलिरहेका मुर्दारूबाट खतरा छैन
जंगल मेरो बस्त्र हरन गर्न खोजिरहेछ म ज्यादै चिन्तित छु
कोठाभित्र जंगललाई अंकमाल गर्छन् हाडरू
र सडकमा जंगलको विरुद्ध चिच्याउँछन्
मेरो बस्त्रमाथि आक्रमण गर्न
यसबखत जंगल पनि हिँडिरहेको छ
गोपनीयता भंग गरेर जमिनमुनिबाट
फुत्त निस्केका हाडरू पनि हिँडिरहेका छन्
आमा काटेर म परशुराम हुन चाहन्न
असल सारथि अझै जमिनमुनि बस्छ
तर आकाशले हेर्छ
मेरो बस्त्र जोगाउन
अवश्य ऊ महायुद्धको घोषणा गर्छ
म महायुद्धको घोषणा पर्खिबसेको छु
मेरो हुर्मत महायुद्धबाटै जोगिन्छ
म साह नामक हतियार
आफ्नो छातीभित्र लकाएर बसिरहेको छु ।
हिजोआज सिक्किम खोज्न
मलाई भूगोलका पातारू पल्टाउने झन्झट छैन
आफू उभिएको ठाउँ नै सिक्किम बन्न लागिरहेछ
म महाकसलामा छु
म सुरसा नै चयन हुने चुनावरू देखेर
ज्यादै नै आतंकित छु
नागरिकका मतरू यसबेला हातरूले खसाल्न पाउँदैनन्
सत्ताले मत खसाल्छ र बन्दुकले मत गणना गर्छ
जाडो होस् या नासपातीको भाउ घटेको समय होस्
मत गणकले आफू पसिनाले भिजेको महसुस गर्छ
र बन्दुकको अगाडि तन्तनी पानी पानी खान्छ
असल सारथिको नाम के हो अहँ मलाई सरोकार छैन
मेरो मतलाई सुरक्षित राख्न
अवश्य ऊ महायुद्धको घोषणा गर्छ
म महायुद्धको घोषणा पर्खिबसेको छु
आफू उभिएको ठाउँको सार्वभौमिकता
आफैँमा निहित हुन  म महायुद्ध पर्खिबसेको छु ।
ध्वस्त भएको अफिमबाट यस बखत मलाई खतरा छैन
अफिम ध्वस्त भएको ठाउँमा
गाँजा कसरी उम्रियो आला रगतका थोपारू
ममाथि प्रश्न गर्छन् म निरुत्तर छु
भीषण दुःख भनेको यो वर्तमान हो
मैले महासत्य बोल्दा
आगोका जलप लगाएका ओठरूले खुँडा बोक्छन्
म महाकालरात्रीको दिन
बोकोको सट्टामा कुभिण्डो हुनेछु
महायुद्ध गर्नै नपाई
किन चकनाचुर होऊन् मेरा मातहतमा रहेका नाडीका चुरारू

म महायुद्धको समयका निम्ति
आफूलाई पर्सेर बसेको छु ।
सत्ताका खतरनाक गोलीका प्रत्युत्तरमा
आग्नेस्त्र घचाड्ने महान् हातरूबाट मलाई खतरा छैन
बन्दुकको उत्तर शब्दरूबाट दिइने
परिपाटीरूबाट मलाई खतरा छ
मलाई मेरो भाइ खोसेर
दैत्यलाई पूजा गर्ने क्रान्तिदेखि खतरा छ
म क्रान्तिबाट सतर्क छु
महाक्रान्ति खोजिरहेछु
म महाक्रान्तिमा अग्निकी पत्नी हुन स्वीकार गर्छु ।

## गोविन्दले ठीक भन्यो

बञ्चरो बोकेर हातमा
अस्वस्थ दिमागका नसारू लिएका टाउकारूले
कर्कलोका घारीलाई फाँडे
तिनको विक्षिप्त क्रियाकलाप देखेर
रातो सूर्य आकाशबाट भाग्यो
 गोविन्दले ठीक भन्यो-
रातो सूर्य मेरो आकाशबाट
केही वर्षका लागि भाग्यो
अपराध नगर्ने सपना खेलाउने आँखारूले
हतारहतारमा हत्यारासँग बात मारे
अपराध ठहर गरेर
रातो सूर्य नटो पारि पुग्यो
गोिान्दले ठीक भन्यो-
रातो सूर्य हाम्रो आकाशमा
सहिदले अविरल रक्तदान गरेपछि उदाउँछ ।
सारा मानिसरूलाई रुवाएर
कैयौँ फिट माथि उफ्रे छिचिमिरारू
र धरहराभन्दा पनि अग्ला भएर
आफ्नो मातहतको अखबारमा देखापरे
उदाउन तयार रहेको रातो सूर्य
तामसको भारी बोकेर
मेरो आकाशबाट सुइँकुच्चा ठोक्यो
गोविन्दले ठीक भन्यो-
सारा मानिसरू रुवाएर आफू हास्ने मुर्दावाद !
धेरै खोलारू दक्षिणतिर बगिरहेका छन्
तिनमा असल नागरिकले पौडी खेल्नु बेकार छ
गहिराइ छाम्नुको अर्थ शून्य प्राप्ति हो
विहारमा परिक्रमा गरे पनि शून्य प्राप्त हुनसक्छ
गोविन्दले ठीक भन्यो-
यस्तो खोलारूमा पौडी खेल्नु बेकार छ
विहारमा पनि विचरण गर्नु बेकार छ
गोविन्दले ठीक भन्यो-
बिनाआयुध मेरो आकाशमा रातो सूर्य आउन मान्दैन
हामी सबैले आयुध बनाउनुपर्छ
गोविन्दले ठीक भन्यो ।

शमाप्त